# रतुवामाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**सिजुवा, मोरङ**
**कोशी प्रदेश, नेपाल**

प.सं.:२०८१/०८२
च.नं.

मिति: २०८२/०१/३०
नेपाल संवत ११४५, बछलागा पारु मंगलवार

### माग निवेदन पेश गर्ने सम्बन्धी सूचना

प्रस्तुत बिषयमा यस रतुवामाई नगरपालिकाको आ.व. २०८१/०८२ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि विकास शाखाले गर्ने व्यावसायिक कृषकहरुलाई फलफुलका बिरुवा ५० प्रतिशत अनुदानमा बितरण गर्ने कार्यक्रम रहेकोले ईच्छुक कृषक समुह/ व्यवसायीक फर्महरुले तपशिलमा उल्लेखित कागजातहरु सहित यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र (मिति २०८२/०२/०५ गते भित्र) कार्यालय समयमा माग सहितको निवेदन तपशिल अनुसारको केन्द्रमा बुझाई सेवा लिन हुन यो सूचना प्रकाशित गरिएको छ। समय सकिए पछि प्राप्त निवेदन कार्यक्रममा समावेश नहुने साथै विरुवा वितरण कार्यक्रम मार्फत तपशिल बमोजिम क्षेत्रफल समेट्न सकिने व्यहोरा यसै सूचनाबाट अवगत गराइन्छ।

डम्बर बल्लव बराल
प्रमुख प्रशासकीय अधिकृत

तपशिलः

| क्र.स. | माग निवेदन पेश गर्नु पर्ने कृषि सेवा केन्द्र | सेवाग्राही वडाहरु | ५० प्रतिशत अनुदानमा वितरण गरिने कार्यक्रम |
|---|---|---|---|
| १ | झुर्किया सेवा केन्द्र | १,२,३,४ | १. बर्षे फलफुलका बिरुवा वितरण (आँप-१०हे. लिची-१०हे.कटहर -२ हे.) |
| २ | गोविन्दपुर सेवा केन्द्र | ५ | |
| ३ | सौठा सेवा केन्द्र | ६,७ | |
| ४ | इटहरा सेवा केन्द्र | ८,९,१० | २. कागती ५ हे./ मेवा ५ हे./केरा १५ हे. ढुवानी मोडालिटि प्याकिङ सहित |

निवेदकले पेश गर्नुपर्ने आवश्यक कागजात

१. माग निवेदन अनुसूची फारम अनुसार
२. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
३. नेपाली नागरिकताको फोटोकपी
४. समुहहरुको निर्णयको प्रतिलिपी
५. कृषक समुह/कृषि उद्यमी/कृषि फर्म लाई नगरमा दर्ता प्रमाणपत्रको प्रतिलिपी र छाप
६. फर्म वा कृषक समुह नविकरण गरेको कागज


फोन नं.:०२१-४१४०५७
वेबसाइट : ratuwamaimun.gov.np
फेसबुक पेज : https://www.facebook.com/RatuwamaiMunicipalitySijuwaMorangNepal